# पाठ - 8
## इसरा र मेअराज

# الدرس الثامن - نيبالي
## الإسراء والمعراج

रसूल ﷺ ताएफबाट फर्कनु भयो र त्यहाँ जस्तो व्यवहारको सामुन्ना गर्नु भयो, त्यस पछि अबुतालिबको देहान्त भयो, फेरि हजरत खदिजा رضي الله عنها को देहान्त, र साथमा मुस्लिमहरु माथि कुरैशको बढदो अत्याचारको कारण रसूल ﷺ धेरै चिन्तित हुनु भयो, र यस्तो अवस्थामा अल्लाह तआलाले उहाँलाई धैर्य दिनु भयो, तसर्थ एक चोटि रातको समयमा जब रसूल ﷺ सुतिरहनु भएको थियो, हजरत जिब्रईल عليه السلام बुर्राक लिएर प्रकट हुनु भयो, बुर्राक भनेको घोडा जस्तै एउटा जनावर हो जसको दुइवटा पखेटा हुन्छ र बिजुली जस्तो तेज गतिमा हिंडने क्षमता हुन्छ, जिब्रईल عليه السلام ले रसूल ﷺ लाई त्यस माथि सवार गर्नु भयो, र फलसतीनमा बैतुल मक्दिस लग्नु भयो, फेरि त्यहाँबाट आकाशको यात्रा गर्नु भयो, यात्रामा रसूल ﷺ ले आफ्नो पालनकर्ताको धेरै चिन्हहरु हेर्नु भयो, र त्यहिं आकाश मै पाँच चोटि नमाजको आदेश भयो, र सन्तुष्टि र विशवासका साथ त्यहि रात फर्केर मक्का पनि आउनु भयो, यस बारे अल्लाह तआलाले भन्नु भएको छ :

سُبْحَانَ الَّذِي أَسْرَى بِعَبْدِهِ لَيْلًا مِنَ الْمَسْجِدِ الْحَرَامِ إِلَى الْمَسْجِدِ الْأَقْصَى الَّذِي بَارَكْنَا حَوْلَهُ لِنُرِيَهُ مِنْ آيَاتِنَا إِنَّهُ هُوَ السَّمِيعُ الْبَصِيرُ

त्यो अल्लाह अत्यन्त पवित्र छ , जसले एकै रातमा आफ्नो भक्तलाई मस्जिदुल हराम अर्थात काबाबाट मस्जिदुल अकसा अर्थात बैतुल मक्दिस सम्म लैजानु भयो, जसको चारै तिर मैले बरकत अर्थात उन्नति दिइराखेको छु, ताकि हामी उसलाई आफ्नो केहि निशानीहरु देखाऔं, निसन्देह अल्लाह नै धेरै सुन्नेवाला र देख्नेवाला छ ।

त्यसको बिहान रसूल ﷺ ले काबा तिर गए, र रातिमा जे जे भएको थियो सबै मान्छेहरुलाई सुनाउन थाले, नासतिकहरुले उहाँलाई अरु पनि झुटो भन्न थाले, र उहाँको अपमान गर्न लागे केहि उपस्थित व्यक्तिहरुले त उहाँलाई विवश र असफल गर्नको लागि बैतुल मक्दिसको एक एक तपसिल सोध्न थाले, र उहाँले हरेक प्रशनको ठिक उत्तर दिनु भयो, तर यी सबै सोध पुछको बावजूद पनि नासतिकहरुलाई सन्तुष्टि भएन त उनीहरुले भने कि हामीलाई कुनै अर्के प्रमाण चाहियो, त रसूल ﷺ ले भन्नु भयो कि बाटोमा म एक टोली सँग भेँटेको छु जुन् मक्का तिर आइ रहेको छ, र त्यस पछि उहाँले पुरा तपसिल भन्नु भयो कि उनीहर कस्तो छन्? टोलीमा ऊँटको संख्या कति छ ? र उनीहरु कहिले आइपुगने छन् ? रसूल ﷺ ले भनेको सबै कुरा प्रमाणित भयो, त्यसका बावजूद पनि नासतिकहरुले विशवास गरेनन् बरु आफ्नो कुफर र शत्रुता माथि कायम थिए, र त्यहि बिहान जिब्रईल عليه السلام ले आएर रसूल ﷺ लाई पाँचौ नमाजको तरिका र समयको बारेमा जानकारी दिनु भयो, त्यस भन्दा अघि मात्र बिहान दुई रकअत र दिउँसो दुइ रकअत नमाज पढने गर्नु हुन्थ्यो जब सत्यको बिरुद्धमा कुरैश धेरै कठोर हुनु भयो त यस अवधिमा रसूल ﷺ ले बाहिरबाट मक्कामा आएको व्यक्तिहरुलाई आफ्नो प्रचार प्रसारको निसाना बनाउनु भयो, उनीहरुको टेन्टमा र उनीहरुले संघठित भएको ठाउँहरुमा गएर उनीहरु सित भेँट घाँट गरि उनीहरुलाई इस्लामको बारेमा बताउनु भयो, तर उहाँको काका अबुलहब उहाँको पछि पछि जान्थ्यो र मानिसहरुलाई उहाँबाट र उहाँको कुराबाट सचेत गर्थ्यो, एक चोटि रसूल ﷺ मदीनाको एउटा टोलीमा आउनु भयो, र उनीहरुलाई इस्लामको निमन्त्रण पेश गर्नु भयो, उनीहरुले रसूल ﷺ को कुरा ध्यान पुर्वक तरिकाले सुन्नु भयो, र उहाँको अनुसरण गर्ने र उहाँ माथि इमान ल्याउने कुरामा सहमत हुनु भयो, यहुदीहरु द्वारा मदीनावासीहरु यो कुरा सुन्दै आएका थिये कि एउटा नबी अझै आउने छ र त्यसको समय पनि नजिक भइसकेको छ, त्यस कारण जब रसूल ﷺ ले उनीहरुलाई इस्लामको निमन्त्रण पेश गर्नु भयो त उनीहरुलाई विशवास भइसक्यो कि यहुदीहरुले भनेको नबी यही हो, र यस प्रकार छिटै उनीहरु मुस्लिम हुनु भयो, र एक अर्कालाई सल्लाह दिनु भयो कि यस कार्यमा यहुदी तिमीहरु भन्दा अगाडि न भइहालुन, उनीहरु ६ जना हुनु हुन्थ्यो, अर्को बर्ष मदीनाबाट १२ व्यक्ति आउनु भयो, र रसूल ﷺ सँग बसेर इस्लामी शिक्षा प्राप्त गर्नु भयो, उनीहरु जब मदीना फर्किन लागे त रसूल ﷺ ले कुरआन सिखाउनको लागि र धर्मको शिक्षा प्रदान गर्नका लागि साथमा मुसअब बिन ओमैरलाई पनि पठाउनु भयो, र अल्लाहको कपाले मदीनाको समाजमा परिवर्तन ल्याउने कर्ममा मुसअब बिन ओमैर رضي الله عنه चाहिं सक्षम हुनु भयो, तसर्थ अर्को बर्ष जब मक्का फर्केर आउनु भयो त साथमा मदीनावासीहरु मध्ये ७२ पुरुष र दुई महिला हुनु हुन्थ्यो, नबी ﷺ उनीहरु सँग बसनु भयो र इस्लामको मद्दत गर्ने र त्यसको जिम्मेबारी उठाउने कुराको शपथ लिनु भयो, र त्यस पछि उनीहरु फेरि मदीना फर्केर जानु भयो ।